# नेपालगंज उप-महानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज

(प्रथम पटक प्रकाशित मिति : २०७८।०२।०४ गते)

**कान्तिताल सञ्चालन सम्वन्धि सिलबन्दी बोलपत्र आव्हानको सूचना**

यस नेपालगञ्ज उप–महानगरपालिकाको वडा न.२१ र २२ स्थित कान्तिताल (बोटिङशुल्क,माछापालन र पर्यटन सञ्चालन) बढाबढ प्रक्रिया माध्यमबाट ठेक्का गराउनु पर्ने भएकोले ईच्छुक ब्याक्ति,फर्म, व्यवसायी वा कम्पनीहरुहरु बाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः-**

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखानम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.०७६/०७७ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अथवा म्याद थपको पत्र र निवेदन सहित तोकिएको सिलबन्दी बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७८।०४।०३ गते) दिनको १२:०० बजे भित्र सिलबन्दी दरभाउदाताले सार्वजनिक अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट ठेक्काको लागि download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ । यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित आम्दानी खाता ग -१-१-४१३०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई सिलबन्दी कागजात साथ upload गर्नु पर्नेछ । **Hard copy पनि कार्यालयमा दर्ता गर्न सकिनेछ** । Hard copy दर्ता गरेको हकमा सुचना प्रकासन मितिले ३० औं दिनको ५ :०० बजे कार्यालय समय भित्र बैक भौचर , निबेदन सहित माथि उल्लेखीत कागजातहरुको नियमानुसार प्रमाणित प्रतिलिपि पेश गरि खरिद गर्न सकिने छ । Hard copy दर्ताको लागि दरभाउपत्र कागजात download गरी म्यादभित्र दर्ता गर्न सकिनेछ ।

२) बोलपत्रदाताले बोलपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकृतको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र खरिद गर्नु पर्नेछ । बोलपत्र फारममा बोलपत्रदाताको रीतपूर्वक सही तथा छाप समेत लागेको हुनुपर्नेछ ।

३) दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १३:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताको रोहबरमा खोलिने छ । बोलपत्रदाताको अनुपस्थिती भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

५) शिलबन्दी बोलपत्र फारामसाथ धरौटी वापत तोकिएको रकम राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको धरौटी खाता नं.ग-३-४१३००३०३०००००२ मा जम्मा गरि सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० औ दिन मान्य अवधि भएको बैंक जमानीपत्र (विडवण्ड) पेश गर्नु पर्नेछ ।

६) ठेक्का अवधि १० वर्षको हुनेछ, प्रत्येक २/२ वर्षमा कवोल अंकको वार्षिक १० प्रतिशतले ठेक्का रकम वृद्धि हुदै जानेछ, कवोल अंक रकम प्रथम किस्ता बापत ४ महिनाको हुन आउने रकम सम्झौता हुनुअघि नै बुझाउनुपर्नेछ, एकमुष्ठ बार्षिक रकम अग्रिम बुझाएमा ठेक्का रकमको १० प्रतिशत छुट दिईनेछ ।

७) बाँकी किस्ताको रकम प्रत्येक ६/६ महिनामा अग्रिम रुपमा बुझाउनुपर्नेछ ।

८) तोकेको समयमा रकम नबुझाएमा ३ महिनासम्मको बार्षिक १० प्रतिशतका दरले ब्याज/हर्जाना लाग्नेछ र ३ महिनासमेत नाघेमा सम्झौता स्वतः भंग हुनेछ ।

९) ठेक्का रकम बुझाउदा कवोल अंक/प्रत्येक किस्ताको १३ प्रतिशत मूल्य अभिवृद्धिकर अनिवार्य बुझाउनुपर्नेछ ।

१०) परिसर भित्र रहेका सम्पूर्ण सामान, सामाग्री, पूर्वाधारहरुको संरक्षण, मर्मतसंभार गर्ने सम्पूर्ण जिम्मेवारी ठेकेदार पक्षको हुनेछ ।

११) बोटिङ्ग शुल्क दर लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि नेपालगञ्ज उप–महानगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।

१२) कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३) बोलपत्र स्वीकृत भएपछि परफरमेन्स वण्ड वापत बोलपत्रदाताले कबोल गरेको अंकको ५% ले हुने रकम तथा ठेक्का कवोल अंकको तीन महिनाले हुन आउने रकम यसै सूचनाको बुंदा ५ मा उल्लेखित धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नु पर्ने अन्तिम अवधि भन्दा कम्तिमा १५ महिना बढीको म्याद राखी जारी गरेको बैंक अथवा वित्तिय संस्थाबाट जारी जमानीपत्र पेश गर्नु पर्नेछ ।

१४) बढाबढ प्रक्रियाका माध्यमबाट ब्याक्तिको नाममा बोलपत्र स्वीकृत भएमा सम्झौता गर्न आउदाँ फर्म भ्याटमा दर्ता गरि स्थायी लेखा नम्बर यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

१५) शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१६) यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नेपालगंज उप–महानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम अंक बार्षिक(मुल्य अभिवृद्धि कर बाहेक) | धरौटी रकम रु | बोलपत्र/दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | NSMC/NCB/Rev 01/077/078 | ने.ग.उ.म.न.पा.-२१ र २२ स्थित कान्तिताल सञ्चालन | २१,००,०००।०० | ६३,०००।- | ३,०००।- |

(प्रमुख प्रशासकीय अधिकृत)
नेपालगञ्ज उपमहानगरपालिका